# पर्यटन ग्राम पहिचान तथा घोषणा मापदण्ड,

# २०७६

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश ३

हेटौंडा, मकवानपुर

## पृष्ठभुमी

पर्यटन विकास आयोजना, प्रदेश ३, हेटौंडा मकवानपुरको आ.व. ०७६/७७ को स्वीकृत पर्यटन कार्यक्रम संचालनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश ३, हेटौंडा, मकवानपुरबाट स्वीकृत भएको पर्यटन कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि, २०७६ को परिच्छेद १४ बुँदा नं. ५.२ को प्रावधान बमोजिम पर्यटन ग्राम पहिचान, घोषणा तथा पूर्वाधार निर्माण कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि यो मापदण्ड तयार गरिएको छ ।

## उदेश्य

यस मापदण्डको प्रमुख उदेश्य प्रदेश ३ को सम्भावित पर्यटकिय क्षेत्रहरुलाई पर्यटन ग्राम घोषणा तथा आबश्यक पर्यटकिय पूर्वाधार निर्माण कार्यमा सहयोग गरी प्रदेश सरकारको प्रदेश ३ लाई नेपालकै पर्यटकिय केन्द्रको रूपमा विकास गर्ने लक्ष्यलाई टेवा पुऱ्याउने तथा भ्रमण वर्ष २०२० लाई सफल बनाउने रहेको छ ।

## पर्यटन ग्राम छनौट मापदण्ड

पर्यटन ग्राम छनौट तथा घोषणाका लागी तपसिलमा उल्लेखित मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।

### तपसिल

| सि.न. | आधारहरु | अंकभार |
|---|---|---|
| १ | स्वच्छ प्राकृतिक पर्यावरण तथा ऐतिहासिक र सांस्कृतिक महत्व भएको | १५ |
| २ | स्थानीय मौलिक सांस्कृतिक परम्परा भएको र यस्ता साँस्कृतिक कार्यक्रमहरुको संचालन गर्ने दक्ष जनशक्ति उपलब्ध भएको | १५ |
| ३ | साहसिक तथा पर्यटकिय खेलहरु संचालन गर्न सकिने सम्भावना भएको । | १५ |
| ४ | सहज पँहुच तथा पर्याप्त पर्यटकीय संभावना र सुविधा भएको । | १० |
| ५ | वसोवासको लागि उचित प्रवन्ध गर्न सक्ने । | १० |
| ६ | स्वच्छ सफा मौलिक परम्परागत खाना तथा पानी उपलब्ध रहेको । | ७ |
| ७ | फोहर व्यवस्थापनको उचित व्यवस्था तथा वातावरण संवन्धि नियमहरुको पालना भएको । | ७ |
| ८ | अर्गनिक कृषि पर्यटन प्रवर्धनको संभावना रहेको । | ७ |
| ९ | चलन चल्तिका पदमार्गहरुमा पर्ने । | ७ |
| १० | परम्परागत ज्ञानसिप प्रयोग गरी हस्तकलाका सामाग्रीहरु उत्पादन गर्ने तथा विक्रि वितरण गर्न सक्ने । | ७ |
| | कुल जम्मा | १०० |

छनौट समिति

पर्यटन ग्राम छनौटका लागि पेश भएका प्रस्तावहरुको मुल्यांकन गरी उत्कृष्ठ पर्यटन ग्राम छनौटका लागि सार्वजिनक खरिद नियमावली २०६४ को नियम १४७ को उपनियम (१) बमोजिमको छनौट समिति गठन गरिने छ ।